नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

Website: www.tsc.gov.np

पत्र सङ्ख्या : ०८२/०८३
चलानी नं. : 86

मिति : २०८२।०४।१८
नेपाल सम्वत ११४५

विषयः **शिक्षकको कार्यसम्पादन मूल्याङ्कन फारामको व्यवस्थापन सम्बन्धमा ।**

श्री शिक्षा विकास निर्देशनालय
(बढुवा सिफारिस समितिको सचिवालय)
सबै ।

प्रस्तुत विषयमा यस आयोग च.नं. ४७० मिति २०८१।१२।२६ र च.नं. ६३९ मिति २०८२।०३।०५ का पत्रहरूबाट शिक्षक सेवा आयोग नियमावली (संशोधन सहित), २०५७ को नियम ३२घ. को उपनियम (९) अनुसार (पुनरावलोकन समिति समेतबाट मूल्याङ्कन) को कार्यसम्पन्न गरी शिक्षकको शैक्षिक सत्र २०८१ को कार्यसम्पादन मूल्याङ्कन फाराम मिति २०८२।०४।१५ सम्म तहाँ पठाउनका लागि सबै स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाईहरूलाई अनुरोध गरिएको बेहोरा विदितै छ । सोही अनुसार कार्यसम्पादन मूल्याङ्कन फारामहरू सबै शिक्षा विकास तथा समन्वय इकाईहरुंबाट प्राप्त गर्नुभएकै होला ।यस बर्षको कार्यसम्पादन मूल्याङ्कनका आधारमा हुने शिक्षक बढुवाको विज्ञापन २०८२ श्रावण महिनाको अन्तिम हप्ताभित्र प्रकाशित हुने गरी आयोगको कार्यतालिका सार्वजनिक भई सकेको सन्दर्भमा विज्ञापन प्रकाशित हुनु अगावै कार्यसम्पादन मूल्याङ्कन फारामहरू बढुवा सिफारिस समितिको सचिवालयमा प्राप्त भै सक्ने कुरा सुनिश्चित गर्नुहुन तथा कानुनद्वारा निर्धारित समयावधिभित्र गर्नुपर्ने कार्य नगरेका कारण शिक्षकको वृत्तिविकासमा पर्ने सक्ने असरको संवेदनशिलतालाई समेत मध्येनजर गरी, यदि कुनै शिक्षा विकास तथा समन्वय इकाईबाट कार्यसम्पादन मूल्याङ्कन फाराम प्राप्त हुन बाँकी भए अविलम्ब उक्त फारामहरू प्राप्त गर्नका लागि ताकेता गर्नुहुन र फाराम प्राप्त भएका तथा हालसम्म फाराम नपठाउने शिक्षा विकास तथा समन्वय इकाईहरूको विवरण यथाशिघ्र पठाउनु हुन निर्देशानुसार अनुरोध छ ।

२०८२/०४/१८
रामचन्द्र शर्मा
उपसचिव

**बोधार्थ**
श्री शिक्षा विकास तथा समन्वय इकाई (सबै)
श्री स्थानीय तहका शिक्षा महाशाखा/शाखा (सबै)